कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्र प्राप्त

# उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड

# Upakar Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था प्रादेशिकस्तर (लुम्बीनी प्रदेश)"


कोहलपुर- ११, बाँके, पिपलचौतारा, बाँके

फोनःनं. ०८१-५४०७४४, ५४२०५३, फ्याक्सः ०८१-५४०७४४

इमेल: upakar.banke1@gmail.com, वेवसाइट: http://www.ulbsl.com.np


**को**

## विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

वित्तीय संस्थाको जारी पुँजी रु ६,५६,२५,०००/- (अक्षेरपी छ करोड छपन्न लाख पच्चीस हजार मात्र) को ३६ प्रतिशतले हुन आउने रु २,३६,२५,००० (दुई करोड छत्तीस लाख पच्चीस हजार) रकम बराबर प्रति शेयर रु.१००– अङ्कित दरका २,३६,२५० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात ३२८१ कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणलाई छुट्याइएको शेयर मध्येको ५% अर्थात् ११,८१३ कित्ता शेयर सामूहिक लगानी कोषका लागि सुरक्षित गरी बाँकी रहने २,२१,१५६ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्ने ।

दरखास्त साथ प्रति शेयर रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/२०८१ |
| प्रति शेयर आम्दानी (रु.) | ३४.०४ | ५.९१ | १४०.०० | १०८.०० | १७४.०० | २६०.०० |
| प्रति शेयर नेटवर्थ (रु.) | २६१.४३ | २६५.६४ | ४०३.९१ | ४०३.०० | ५७७.०० | ८३७.०० |
| संचित नाफा नोक्सान(रु.हजारमा) | ११,१५१.७३ | १३,०८८.१८ | ५९,२८८.२२ | ११४,६२९.०० | २०३,७७६.०० | ३३७,००७.०० |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी**

यस संस्थालाई ICRA Nepal Limited, डिल्ली बजार, काठमाडौंले मिति २०७८/०३/०९ मा "[ICRANP-IR] BB-] Prounced as ICRANP Issuer Rating Double B Minus]" प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा मध्यम क्रेडिट जोखिम (moderate risk of default regarding timeliy serving of financial obligations) जनाउँछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP -IR]AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR]D ले कमजोर आधार जनाउँदछ । यसको अर्थ ICRANP-IR] BB- को स्थिति ICRANP-IR] BB को भन्दा एक चिन्ह तल रहन्छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/०३/०७ सम्म रहनेछ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति : २०७८/१२/०७
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७८/१२/१०
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७८/१२/०८

धितोपत्र निष्काशन खुल्ला मिति : २०७८/१२/२५
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७८/१२/२९
धितोपत्र निष्काशन बन्द हुने मिति (अन्तिम) : २०७९/०१/०९

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक**

**नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड**
हात्तिसार,काठमाडौं
फोन : ९७७-१-४४१२७४३
इमेलःinfo@nsmbl.com.np, वेवसाइटः https\\nsmbl.com.np

## १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तीसार, काठमाडौंलाई सम्झनु पर्दछ।

ग) **"वित्तीय संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकलाई सम्झनु पर्दछ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन"** भन्नाले उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ।

ञ) **"लघुवित्त वित्तीय संस्था"** भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा ४९ को उपदफा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ।

ट) **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले लघुवित्त वित्तीय संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ।

ठ) **"प्रति शेयर आम्दानी"** भन्नाले लघुवित्त वित्तीय संस्थाको आम्दानीलाई उक्त संस्थाको जारी शेयरले भाग गर्दा आउने भागफल सम्झनु पर्छ।

ड) **"आधारभूत सेयरधनी"** भन्नाले यस संस्थाको चुक्ता पुँजीको पाँच प्रतिशत वा सोभन्दा बढी पूर्ण मताधिकार भएको साधारण शेयर आफ्नो वा प्रतिनिधि मार्फत लिएको कुनै पनि व्यक्ति लाई सम्झनु पर्छ।

## २.. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| क. | नेपाल एसबिआई मर्चेण्ट बैंकिंग लिमिटेड, हात्तिसार, काठमाडौं, नेपाल ; वेवसाइट : https://nsmbl.com.np<br>फोन नं.– ४४१२७४३ |
| ख. | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, कोहलपुर नगरपालिका वडा नं. ११, पिपलचौतारा, बाँके तथा सम्पूर्ण शाखा कार्यालय, email: upakar.banke1@gmail.com, वेवसाइट : www.ulbsl.com.np |
| ग. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :** |
| क. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण आश्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

ग.

**१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**२. संगठित संस्थाको उद्घोषण :**

**क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस वित्तीय संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक वित्तीय संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता लघुवित्त वित्तीय संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं । यस कम्पनीले आफ्नो तेस्रो वार्षिक साधारण सभा मिति २०७८/०९/२६ गते सम्पन्न गरेको छ । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/२० गतेको पत्रानुसार आ.व. २०७६/७७ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

**घ. संस्थापक, सञ्चालक तथा कार्यकरी प्रमुख सम्बन्धी उदघोषण :**

(१) यस लघुवित्त वित्तीय संस्थाका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस लघुवित्त वित्तीय संस्थाका सञ्चालक वा कार्यकरी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकरी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकरी प्रमुख यस लघुवित्तवित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**क. संगठित संस्थाको पृष्ठभूमि :**

**(अ) संस्थाको नाम** : उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड (Upakar Laghubitta Bittiya Sanstha Limited)

**(आ) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

**(इ)** संस्थाको रजिष्टर्ड ठेगाना : यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय बाँके जिल्ला, कोहलपुर नगरपालिका वडा नं. ११, मा रहेको छ ।

**(ई) कारोवार गर्ने मुख्य स्थान :** यस लघुवित्त वित्तीय संस्थाको कारोवार स्थान प्रादेशिक स्तर (लुम्बिनी प्रदेश) रहेको छ। आ.व. २०७८/७९ को असोज मसान्त सम्म वित्तीय संस्थाले १० जिल्लाहरुमा आफ्नो ३२ शााखा कार्यालयहरु स्थापना गरि लघुवित्त कारोबार गर्दै आइरहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस लघुवित्त वित्तीय संस्थाले शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सक्नेछ। हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ।

| क्र. स. | शाखा कार्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर शाखा कार्यालय | कोहलपुर न.पा., बाँके |
| २. | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कारकाँदो शाखा कार्यालय | नेपालगंज उ.म.न.पा., बाँके |
| ३. | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, सम्झना शाखा कार्यालय | बैजनाथ गा.पा, बाँके |
| ४ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, विनौना शाखा कार्यालय | राप्तीसोनारी गा.पा., बाँके |
| ५ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, खजुरा शाखा कार्यालय | खजुरा गा.पा., बाँके |
| ६ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, एन.टी.भी शाखा कार्यालय | कोहलपुर न.पा., बाँके |
| ७ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, शम्सेरगंज शाखा कार्यालय | राप्तीसोनारी गा.पा., बाँके |
| ८ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, रिमझिम शाखा कार्यालय | खजुरा गा.पा., बाँके |
| ९ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, फुल्टेक्रा शाखा कार्यालय | नेपालगंज उ.म.न.पा., बाँके |
| १० | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, फत्तेपुर शाखा कार्यालय | राप्तीसोनारी गा.पा., बाँके |
| ११ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, माछागढ शाखा कार्यालय | वाँसगढी न.पा., बर्दिया |
| १२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, सितलवजार शाखा कार्यालय | वढैयाताल गा.पा., बर्दिया |
| १३ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, ठाकुरद्धार शाखा कार्यालय | ठाकुरबाबा न.पा., बर्दिया |
| १४ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, मानपुर शाखा कार्यालय | राजापुर न.पा., बर्दिया |
| १५ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कुसुम्वाबजार शाखा कार्यालय | मधुवन न.पा.,बर्दिया |
| १६ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, मैरीघाट शाखा कार्यालय | राप्ती गा.पा., दाङ |
| १७ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, बैदौली शाखा कार्यालय | बाँडगंगा न.पा., कपिलवस्तु |
| १८ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, बुद्धनगर शाखा कार्यालय | सैनामैना न.पा. रुपन्देहि |
| १९ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, पदनहा शाखा कार्यालय | बारबर्दिया न.पा., बर्दिया |
| २० | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, पेलावास शाखा कार्यालय | रैनादेवी छहरा गा.पा, पाल्पा |
| २१ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, देउराली शाखा कार्यालय | रिव्दीकोट गा.पा., पाल्पा |
| २२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड वालापुर शाखा कार्यालय | शिवराजपुर न.पा, कपिलबस्तु |
| २३ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड पत्थरकोट शाखा कार्यालय | बुद्धभुमि न.पा, कपिलबस्तु |
| २४ | उपकार लघुवित्त वित्तीय सस्था लिमिटेड हिरापुर शाखा कार्यालय | सुद्धोधन गा.पा, रुपन्देहि |
| २५ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड मैदाम शाखा कार्यालय | तिलोत्तमा गा.पा , रुपन्देही |
| २६ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड जिमिरेभार शाखा कार्यालय | बर्दघाट न.पा, नवलपरासी |
| २७ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड जर्गाह शाखा कार्यालय | सुनवल न.पा , नवलपरासी |
| २८ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड ढार्केवास शाखा कार्यालय | पाणिनि गा.पा, अर्घाखाँची |
| २९ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, ठाडा शाखा कार्यालय | शितगंगा न.पा, अर्घाखाँची |
| ३० | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, दर्भान शाखा कार्यालय | सिरुमारानी गा.पा, प्युठान |
| ३१ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, सुर्पाल शाखा कार्यालय | रुन्टिगढी गा.पा, रोल्पा |
| ३२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, बाघमारे शाखा कार्यालय | शान्तिनगर गा.पा, दांग |

**(उ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

गरिबी रहित नेपाल निर्माणको मुख्य ध्येयका साथ स्थापित महिला उपकार मंच नामक गैरसरकारी संस्थाको अगुवाईमा यस लघुवित्त वित्तीय संस्था २०७५/०४/२५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो। यस लघुवित्त वित्तीय संस्थाले मिति २०७५/१०/१७ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी मिति २०७५/१२/०१ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ भएको यस लघुवित्त वित्तीय संस्थाको कार्य क्षेत्र प्रादेशिकस्तर (लुम्बिनी प्रदेश) स्तरको रहेको छ र आ.व. २०७८/७९ को असोज मसान्तसम्ममा १० वटा जिल्लामा ३१ वटा गाउँ/नगरपालिकाहरुमा ३२ वटा शाखा कार्यालय मार्फत चौतिस हजार त्रियासी जना सदस्यलाई लघुवित्त कार्यक्रममा आवद्ध गरेको छ। यस लघुवित्त वित्तीय संस्थाले आफ्नो छोटो सञ्चालन अवधिमा ३२ वटा शाखा कार्यालय मार्फत वित्तिय सेवा प्रदान गर्दै आएको छ।

विपन्न परिवारका महिला तथा पुरुषहरुलाई वित्तीय रुपले साक्षर बनाउँदै ससानो उद्यम, कृषि उत्पादन, व्यापार, व्यवसाय सञ्चालन गर्न, आय स्रोत, पेशा र व्यवसायका आधारमा सानो रकम लगानी गरी उत्पादनमूलक काममा सरिक गराइ उनीहरुलाई स्वरोजगार

र आर्थिक रुपले सबल बनाई सिर्जनशील र स्वावलम्वी समाज निर्माणमा सघाउनु यस वित्तीय संस्थाको मुख्य उद्देश्य रहेको छ। यस लघुवित्त वित्तीय संस्थाको संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

यसका अलावा लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

- वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
- कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाय्य स्रोतबाट जुटाई देशको औद्योगिक व्यापारिक एवं कषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुयाउने,
- उपलब्ध शीप, श्रम तथा पूजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एबम प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीवी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुयाउने ,
- वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुर्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्याउने, र
- देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुर्याउने।

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको।

**(ए) अन्य विवरणहरु**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप संकलन, कर्जा प्रवाह, रेमिट्यान्स भुक्तानी सेवा तथा अन्य वित्तिय सेवा रहेका छन्। साथै वित्तीय संस्थाले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आइरहेको छ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

लघुवित्त वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ। साथै, वेवबेस सफ्टवेयर, वेवसाइट, मोबाइल एसएमएस मार्फत र अनलाइन तथा मोबाइल भुक्तानी सेवा प्रवृधिहरु भएको।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

२०७५/१०/१७ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/१२/०१ गतेदेखि "घ" वर्गको प्रादेशिक स्तरको वित्तीय संस्थाको हैसियतले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ। यस वित्तीय संस्थाले आ.व. २०७८/०७९ को असोज मसान्तसम्मा १० वटा जिल्लाका ३१ वटा (स्थानीय तहहरु) गाउँ/नगरपालिकाहरुमा ३२ वटा शाखा कार्यालय मार्फत ३४ हजार ८३ जना सदस्यलाई लघुवित्त कार्याक्रममा आवद्ध गरेको छ। यस लघुवित्त वित्तीय संस्थाले आफ्नो छोटो सञ्चालन अवधिमा ३२ वटा शाखा कार्यालय मार्फत वित्तिय सेवा प्रदान गर्दै आएको छ।

यस वित्तीय संस्थाको उद्देश्य प्राप्तीका लागि महिला समूहलाई उपकार समूह गठन गर्न विभिन्न बचत कार्यक्रम संचालन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल बचत रु. ८००,४६४ हजार रहेको र आर्थिक वर्ष २०७८/७९ को असोज मशान्त सम्मको बचत रु. ८३४,१७२ हजार रहेको छ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समय सापेक्ष अनुसार सेवा विस्तार गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यवसाय विस्तार गर्ने योजना रहेको छ साथै यस संस्थाका सेवा सम्बन्धी योजना देहाय बमोजिम रहेका छन् :

- चालु आर्थिक वर्षमा अन्य लघुवित्त संस्थाको उपस्थिति कम भएका हाल कार्यक्रम विस्तार भएका जिल्लाहरुमा तथा थप जिल्लाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरि शाखा कार्यालय स्थापना गरि कार्यक्रम विस्तार गर्ने, पुनर्ताजगी तालिम तथा वित्तीय साक्षरता कक्षा संचालन गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको पर्याप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोबार वृद्धि गर्ने, बचत वृद्धिमा विशेष जोड दिने र बचत तथा कर्जाका नयाँ सेवा विकास गर्ने लक्ष्य सहित आगामी एक वर्ष भित्र सम्पन्न गरिने योजना तथा लक्ष्य रहेको छ।
- प्रबन्धपत्र तथा नियमावलीमा रहेका उदेश्य बमोजिम थप कार्यहरु गर्दै जाने लक्ष्य रहेको छ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
लघुवित्त वित्तीय संस्थाको प्रमुख बजार हाल कायम रहेको १० जिल्लाबाट विस्तार गरी हरेक बर्गका ग्राहकको आवश्यकता अनुरुप नै सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ र साथै नेपाल राष्ट्र बैंकको इजाजत अनुरुप विभिन्न शाखा र उपशाखा विस्तार गदै विभिन्न वर्गका ग्राहकहरुलाई सेवाहरु प्रदान गराउँदै लैजान यस संस्थाको सोच रहेको छ।

**(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**
बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ। आ.व. २०७८/७९ को असोज मसान्तसम्ममा यस वित्तीय संस्थाको जम्मा १४० जना कर्मचारीहरुले ३४,०८३ जना ग्राहक सदस्यहरुलाई वित्तीय सेवा उपलब्ध गराईएको छ। साथै, कूल निक्षेप (वचत) रु. ८३४,१७२ हजार, कूल कर्जा वितरण रु. ९,४४०,१९२ हजार, कर्जाको साँवा असुली रु. ७,५३४,९०१ हजार र कूल बाँकी कर्जा रु. १,९०५,२९१ हजार रहेको छ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
सो नभएको।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह ग्राहकहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन्। स्तरीय लघुवित्त सेवाका लागि ग्राहक सेवा विभाग स्थापना गरि संचालनका साथै ग्राहक गुनासो सुनुवाई डेस्क समेत रहेको छ। आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन वित्तीय संस्थाको कार्यान्वयन, अनुगमन, व्यवस्थापन शाखाले नियमित अनुगमन, आन्तरिक लेखापरिक्षण, प्रशासनिक नियन्त्रण, मासिक बैठक त्रैमासिक तथा वार्षिक समीक्षा आवश्यक सल्लाह र सुझाव संकलन गर्ने गरिएको छ। वित्तीय संस्थाको कारोबारमा रहेका जोखिम व्यवस्थापन तथा न्यूनिकरणको लागि जोखिम व्यवस्थापन समिति रहेको छ। साथै, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ तथा त्यस अन्तर्गतका नियम, विनियम, निर्देशिका अन्तर्गत रहि कर्जा लिन आएका ग्राहकको ग्राहक पहिचान सम्बन्धि स्पष्ट व्यवस्था गरेको छ।

**(१०) अनुसन्धान तथा विकास :**
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान, कार्यक्रम बिस्तार तथा विकास व्यबस्थापनलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि छुट्टै बिभागको व्यबस्था गरिएको छ। यसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ। साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** विश्वव्यापी महामारीको रुपमा फैलिएको **COVID-19** ले गर्दा अर्थतन्त्रलाई नै प्रभावित पारेको र नेपाल पनि यस बाट जोगिन सकेको छैन, यस विषम परिस्थितिमा दैनिक रुपमा संचालन गर्नु पर्ने व्यापार, व्यवसाय, उद्योग धन्दा लामो समय सम्म बन्द हुँदा लघुवित्त वित्तीय संस्थालाई यस महामारीले नराम्रो प्रभाव पारेको छ। अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको असरले कर्जा असुली प्रकृयामा पर्न सक्ने जोखिम यथावत रहेको छ र ग्राहकको व्यवसायमा आएको मन्दिका कारण कर्जा प्रवाहमा कमी आउन सक्ने छ। जसले गर्दा संस्थाको व्यवसाय विस्तार तथा नाफा मा समेत असर पर्न सक्ने देखिन्छ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/१०/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी प्रादेशिकस्तर (लुम्बिनी प्रदेश) को कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/१२/०१ गते

देखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ। वित्तीय संस्थाको हैसियतमा केवल करिब ३ वर्ष पुरानो लघुवित्त वित्तीय संस्था भए तापनि आफ्नो कार्य क्षेत्रमा सञ्चालित अन्य समान वित्तीय संस्थाहरु बीच यस वित्तीय संस्थाले आफ्नो स्थितिलाई मजबुत बनाउँदै लगेको छ। प्रादेशिक स्तर (लुम्बिनी प्रदेश)मा मात्र यस लघुवित्त संस्थाको कार्य क्षेत्र रहेता पनि आ.व. २०७७/७८ मा कूल निक्षेप (वचत) रु. ८००,४६४ करोड, कूल कर्जा वितरण रु. ८,७०१,२९५ करोड, कर्जाको साँवा असुली रु. ७,०११,४१५ करोड र कूल बाँकी कर्जा रु. १,६८९,८८० करोड रहेकोमा आ.व. २०७८/७९ को असोज मसान्तसम्ममा कूल निक्षेप (वचत) रु. ८३४,१७२ हजार, कूल कर्जा वितरण रु. ९,४४०,१९२ हजार, कर्जाको साँवा असुली ७,५३४,९०१ हजार र कूल बाँकी कर्जा रु. १,९०५,७९१ हजार रहेको छ।

स्थापना देखि मुनाफामा सञ्चालनमा रहेको यस वित्तीय संस्थाको समान उद्योगहरु बीच प्रतिष्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ। साथै यस संस्थाले रणनीतिक योजना तथा कार्यविधि तयार गरि नयाँ नयाँ सेवा मार्फत लक्षित वर्गमा आफ्नो सेवा सुविधाको पहुँच पुऱ्याई अग्राणी भूमिका खेल्न सफल भएको छ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सो नभएको।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सो नभएको।

**ख. सम्पत्तिको विवरण :**

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

वित्तीय संस्थाको आ.व. २०७७/७८ को सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्ति चालु अवस्थमा रहेको छ।

| विवरण | भवन | परिवाहन | मेशिनरी | कार्यालय सामान | लिज होल्ड | अन्य | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|---|---|---|---|---|
| १. **परल मोल** | | | | | | | | |
| (क) गत वर्षसम्मको मोज्दात | - | १९२,००० | २,८४१,८८७ | ९०९,७७० | १२८,२३० | १,३४२,२४८ | ५,४१४,१३५ | ५,४१४,१३५ |
| (ख) यस वर्षको थप | - | ६,५८२,००० | १,३४३,८५६ | ५३३,५७१ | ३२४,५६१ | ४२६,१३८ | ९,२१०,१२५ | - |
| (ग) यस वर्ष पुर्नमुल्याकंन। पुर्नलेखन | - | - | - | - | - | - | - | - |
| (घ) यस वर्षको बिक्री | - | - | - | - | - | - | - | - |
| (ङ) यस वर्षको अपलेखन | - | - | - | - | - | - | - | - |
| **कुल** | | **६,७७४,०००** | **४,१८५,७४३** | **१,४४३,३४१** | **४५२,७९१** | **१,७६८,३८६** | **१४,६२४,२६०** | **५,४१४,१३५** |
| २. **ह्रास कट्टी** | - | - | - | - | - | - | - | - |
| (क) गत वर्षसम्मको | - | ५३,८४५ | ८७५,०२५ | २६६,१६५ | २४,९७३ | ४०६,४४९ | १,६२६,४५७ | ४९३,९१३ |
| (ख) यस वर्षको | - | १,०२९,५५८ | ६५७,८२३ | २२७,१०७ | २१,७४७ | ३१०,७१३ | २,२४६,९४८ | १,१३२,५४४ |
| (ग) ह्रास कट्टी पुर्नमुल्याकंन पुर्नलेखन। | - | - | | - | | - | - | - |
| (घ) ह्रास कट्टी रकम समायोजन/ फिर्ता | - | - | | - | | - | - | - |
| **कुल ह्रास कट्टी** | **-** | **१,०८३,४०३** | **१,५३२,८४८** | **४९३,२७२** | **४६,७२०** | **७१७,१६२** | **३,८७३,४०५** | **१,६२६,४५७** |
| **३. बूक भ्यालु (WDV*) (१-२)** | **-** | **५,६९०,५९७** | **२,६५२,८९४** | **९५०,०६९** | **४०६,०७१** | **१,०५१,२२४** | **१०,७५०,८५५** | **३,७८७,६७७** |
| ४. जग्गा | - | - | | - | | - | - | - |
| ५. पूंजीगत निर्माण ( पूजीकरण गरिनुपर्ने) | - | - | | - | | - | - | - |
| **जम्मा** | **-** | **५,६९०,५९७** | **२,६५२,८९४** | **९५०,०६९** | **४०६,०७१** | **१,०५१,२२४** | **१०,७५०,८५५** | **३,७८७,६७७** |

माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेका तथा उक्त सम्पत्तिहरु वित्तीय संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन्।

**(आ) बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :**

बुँदा (अ) मा उल्लेखित लिज होल्ड सम्पत्ति मिति २०७८ असार ११ गते देखि २०८३ साल जेष्ठ मशान्त सम्मको लागि लिजमा लिएको ।

**(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**
सो नभएको ।

**(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

**(उ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**
परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रुपमा राखिएको छ र सोको पुनरमूल्याङ्कन गरिएको छैन ।

**ग. भावी योजना तथा रणनीति :**

**(अ) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

लघुवित्त वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन् ।

- यस वित्तीय संस्थाले चालु आ.व. २०७८/७९ मा तत्कालीन उपकार लघुवित्त वित्तीय संस्था लि. ले कूल १० जिल्लामा कार्यक्रम संचालन गरिरहेकोमा थप २ वटा जिल्लामा कार्यक्रम विस्तार गरि कूल १२ जिल्लामा कार्यक्रम संचालन गर्ने योजना रहेको छ ।
- केन्द्रिय कार्यालयबाट नै शाखाहरुको अनुगमन गरिने व्यवस्था गरिने छ ।
- कार्यक्रममा विस्तारका क्रममा चालू आ.व. २०७८/७९ मा १५ वटा शाखा थप गरी कूल ४७ वटा शाखा कार्यालय मार्फत ४०,००० सदस्य र २५,००० ऋणि पुऱ्याउने लक्ष्य रहेको छ ।
- चालू आ.व. मा लगानीमा रहिरहेको ऋृण रकममा रु. १ अर्व वृद्धि गरि २ अर्व ९७ करोड पुऱ्याउने योजना रहेको छ । साथै ३६ करोड बचत वृद्धि गरी १ अर्ब १९ करोड पुऱ्याउने लक्ष्य रहेको छ ।
- चालू आ.ब. २०७८/७९ को अन्त्य सम्ममा कूल खुद मुनाफा ७ करोड पुऱ्याउने लक्ष्य राखिएको छ ।

**(आ) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
हाल देशको वित्तीय वातावरण अत्यन्त प्रतिष्पर्धात्मक छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र आगेगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । विगतको छोटो अवधिमानै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिष्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ विगतका केहि समययता देखा परेका राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केहि चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केहि हद सम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस वित्तीय संस्थाको परिस्थितिलाई मूल्यांकन गर्दा वित्तीय संस्थाको अवस्था सन्तोषजनक देखिन्छ । तसर्थ देशको वित्तीय व्यवसाय बिचको प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र हालसम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाइरहेको आधारमा यस वित्तीय संस्थाले ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मोख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध स्रोत र साधनको उपयुक्त परिचालन गरी उत्साहजनक उपलब्धी हासिल गरेको छ । साथै वर्तमान आर्थिक, राजनैतिक र बैंकिङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडि बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध सहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडि बढिरहेका छ । यस वित्तीय संस्थाका सञ्चालक समिति लगायत व्यवस्थापन समिति तथा उच्च पदाधिकारीहरुमा लामो समयको बैंकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिष्पर्धीभन्दा पृथक किसिमले सहज तरिकाले सञ्चालन गर्ने सक्ने क्षमता रहेको छ । त्यस कारण विद्यमान उपलब्धीहरु एवं प्रस्तुत भावी योजनाहरुका आधारमा यस वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ ।

यस बैंकको आ.व. २०७८ असोज मसान्त सम्म जिल्ला तथा शाखा, कूल निक्षेप देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७८/७९ |
|---|---|---|
| १. | जिल्ला | १० |
| २ | केन्द्रीय कार्यालय | १ |
| ३ | शाखा | ३२ |
| ४ | कूल निक्षेप | रु. ८००,४६४,३३४ |

### घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ।

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १,०००/- कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

नोट :- नियमावलीको नियम २८ मा संस्थाको संचालक पदमा नियूक्त हुनको लागी न्यूनतम १००० कित्ता शेयर लिनुपर्ने व्यवस्था भएता पनि संचालक समितिमा लगानीकर्ताको प्रतिनिधित्वमा पहुच तथा बजारको बिधमान अभ्यासलाई मध्यनजर गरि संचालक नियूक्त हुनको लागी न्यूनतम १० कित्ता शेयर लिनुपर्ने भन्ने व्यवस्था तेस्रो वार्षिक साधारण सभाबाट पारित गरिएको छ र उक्त व्यवस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक हुन बाँकी रहेको।

### ग.४. पूजी संरचना सम्बन्धी जानकारी :

#### (क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

- **अधिकृत पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. ८,००,००,०००/- (अक्षेरपी आठ करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ८,००,००० (आठ लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

- **जारी पूँजी** : यस लघुवित्त वित्तीय संस्थाको तत्काल जारी पूँजी रु ६,५६,२५,०००/- (अक्षेरपी छ करोड छपन्न लाख पच्चीस हजार मात्र ) रहेको छ। उक्त पूँजीलाई रु.१००।– का दरले ६,५६,२५० (छ लाख छपन्न हजार दुई सय पचास) थान शेयरमा विभाजन गरिएको छ।

- **चुक्ता पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु ४,२०,००,०००/- (अक्षेरपी चार करोड बिस लाख मात्र ) रहेको छ जसलाई रु.१००/– का दरले ४२०,००० -(चार लाख बिस हजार) थान शेयरमा विभाजन गरिएको छ।

यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. २,३६,२५,०००/- (अक्षेरपी दुई करोड छत्तीस लाख पच्चीस हजार) रकम बराबरको शेयरको निष्काशन पश्चात संस्थाको चुक्ता पूँजी रु. ६,५६,२५,०००/- (अक्षेरपी छ करोड छपन्न लाख पच्चीस हजार मात्र) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|---|
| अधिकृत पूँजी (रु.) | ६०,०००,००० | ८०,०००,००० | ८०,०००,००० |
| जारी पूँजी (रु.) | ४२,०००,००० | ६०,०००,००० | ६५,६२५,००० |
| चुक्ता पूँजी (रु.) | ४२,०००,००० | ४२,०००,००० | ४२,०००,०००* |

*सर्वसाधारणलाई रु. २,३६,२५,०००/- (अक्षेरपी दुई करोड छत्तीस लाख पच्चीस हजार) रकम बराबरको शेयरको निष्काशन पश्चात संस्थाको चुक्ता पूँजी रु. ६,५६,२५,०००/- (अक्षेरपी छ करोड छपन्न लाख पच्चीस हजार मात्र) हुनेछ।

#### (ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,२०,००० | ६४ | ४,२०,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | २,३६,२५० | ३६ | २,३६,२५,००० | निष्काशन पश्चात शतप्रतिशत रकम भुक्तानी हुने |
| | **जम्मा** | ६,५६,२५० | **१००** | ६,५६,२५,००० | निष्काशन पश्चात शतप्रतिशत रकम भुक्तानी हुने |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### क.संस्थापक/सञ्चालकको पृष्ठभूमि :

**(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण :**

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १ | महिला उपकार मंच, कोहलपुर ११ , बाँके | संस्थापक आधारभुत शेयरधनी, | लागु नहुने | लागु नहुने | २८१,४०० | लागु नहुने | लागु नहुने |
| २ | प्रभु बैंक लि., काठमाडौं | संस्थापक आधारभुत शेयरधनी, | लागु नहुने | लागु नहुने | ६०,००० | लागु नहुने | लागु नहुने |

**सञ्चालकहरुको विवरण :**

| क्र.सं | नाम/ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | प्रस्तावित व्यापार/व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री शान्तीदेवी ढकाल नेपालगंज २०, बाँके (महिला उपकार मंच प्रतिनिधी) | अध्यक्ष | नेपाली | ५१ | ३,००० | एस.एल.सी | • २०६२ देखि २०६४ सम्म३ वर्ष सम्म महिला उपकार मंच मा अध्यक्ष भई काम गरेको ।<br>• २०६८ देखि २०७३ सम्म ५ बर्ष महिला उपकार मंच मा अध्यक्ष भई काम गरेको ।<br>• २०७५ देखि हाल उपकार लघुवित्त वित्तीय संस्था लिमिटेको अध्यक्ष भई काम गरिरहेको । | संलग्न नरहेको । |
| २. | श्री चन्द्रकला न्यौपाने कोहलपुर २, बाँके | संचालक | नेपाली | ४५ | १२०० | एस.एल.सी | • महिला उपकार मंचमा २०६२ देखि २०७३ सम्म सचिव भई काम गरेको ।<br>• २०७३ देखि हाल सम्म उपाध्यक्ष भई काम गरिरहेको ।<br>• २ बर्ष Focal Person भई Habitata For Humanity को Housing Construction Project मा काम गरेको ।<br>• २०७५ देखि हाल सम्म उपकार लघुवित्त वित्तीय संस्था लिमिटेको सञ्चालक रहेको । | संलग्न नरहेको । |
| ३. | श्री नितु शर्मा कोहलपुर ६ बाँके | संचालक | नेपाली | ३१ | ३,००० | बि.बि.एस | • २०७५ देखि हाल सम्म उपकार लघुवित्त संस्था लि. को संचालक रहेको । | संलग्न नरहेको । |
| ४. | संगम पन्त दाङ जिल्ला घोराही न.पा वार्ड नं. १७ (प्रभु बैंक प्रतिनिधि) | संचालक | नेपाली | ३८ | ६०००० (श्री प्रभु बैक लि., काठमाडौ को स्वामित्व) | एम.बि.एस. | • ४ बर्ष आर.के.सी एसोसियट्स मा Tax & Vat Consaltant.<br>• ३ बर्ष शाख सुपरभाइजर प्रभु फाइनान्स | संलग्न नरहेको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ● ३ बर्ष शाख प्रबन्धक प्रभु फाइनान्स<br>● ३ बर्ष शाखा प्रबन्धक प्रभु बिकाश बैंक र हाल प्रभु बैंक लि. को शाखा प्रबन्धक<br>● २०७७ देखि हाल उपकार लघुवित्त वित्तीय संस्था लिमिटेको सञ्चालक रहनु भएको । | |
| ५. | आरती पौडेल बाँके जिल्ला कोहलपुर न.पा. वार्ड नं. १२ | संचालक | नेपाली | ५१ | २४०० | एम. ए. | ●१० बर्ष महिला उपकार मंच मा अध्यक्ष भई काम गरेको ।<br>● २०७८ असार देखि हाल सम्म उपकार लघुवित्त संस्था लि. को संचालक रहेको । | संलग्न नरहेको । |
| ६. | राम चरण बि.सी बाँके जिल्ला खजुरा गा.पा.वडा नं. २ | स्वतन्त्र संचालक | नेपाली | ५९ | नरहेको । | एम. ए. | ● ४ बर्ष राष्ट्रिय वाणिज्य बैंकमा Deputy Manager को कार्यानुभव<br>● २०७७ देखि हाल सम्म उपकार लघुवित्त वित्तीय संस्था लिमिटेको सञ्चालक रहनु भएको । | संलग्न नरहेको । |

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | नाम/ठेगाना | संक्षिप्त विवरण | सञ्चालकको नाम, ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|
| १ | श्री महिला उपकार मंच कोहलपुर ११, बाँके | महिला उपकार मंच, कोहलपुर बाँके, कोहलपुर न.पा. वडा नः ११ कोहलपुर बजारमा रहेको गैर सरकारी संस्था हो । संस्था दर्ता ऐन २०३४ अन्तर्गत चैत्र १५, २०४९ मा जिल्ला प्रशासन कार्यालय बाँके, नेपालगंजमा बिधिबत दर्ता भई (द.नं ३६/२०४९/०५०) नियमित रुपमा नविकरण हुँदै आएको नेपाल राष्ट बैंकवाट मिति २०६० साल कात्तिक १२ गते मा वित्तीय मध्यस्थकर्ताको अनुमति पाई मिति २०६३..देखी लघुवित्त कार्यक्रम संचालन हुँदै आएको सस्थाको मूख्य उद्देश्य ग्रामिण क्षेत्रमा बसोबास गर्ने सदस्यहरुको आर्थिक तथा सामाजिक उत्थान गनुँ रहेको छ । संस्थाले आफ्नो कार्यक्षेत्रका न्यून आय भएका गरीव तथा पिछडिएका वर्गमा लघुवित्त सेवा प्रदान गर्दे आएको छ । सहभागितमूलक र समुदायमूखी आर्थिक सामाजिक सेवा, स्थानियस्तर मानै सुलभ तथा निरन्तर वित्तीय सेवा एवं दिगोपनामा यस संस्थाको सोच,रणनीति र कार्यनीति रहिआएको छ । | चन्द्रकला न्यौपाने, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. २<br>भगवती बराल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११<br>शारदा कुमारी खत्री बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११<br>सरस्वती लम्साल, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. २<br>शिला चौधरी, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ९<br>लिला पाण्डे, बाँके जिल्ला कोहलपुर नगरपालिका वार्ड नं. ४<br>मंजु भट्टराई, बर्दिया जिल्ला बढैयाताल गा.पा.<br>बिजुला कुमारी बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११<br>मधु राना बाँके जिल्ला कोहलपुर नगरपालिका वार्ड नं.१२ | २८१,४०० |
| २ | श्री प्रभु बैक लि., काठमाडौ | प्रभु बैंक कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (तत्कालीन बैंक तथा वित्तीय सस्था ऐन, २०६३) अन्तर्गत स्थापना भएको हो । साबिक किष्ट बैंक | श्री लिला प्रकाश सिटौला चवहिल,७ काठमाडौं<br>श्री रमेश सिंह खड्का बिदुर न.पा २, नुवाकोट | ६०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड आपसमा गाभिएर बनेको प्रभु बैंक लिमिटेडले मिति २०७१ भाद्र ३० गतेबाट प्रभु बैंक लिमिटेडको नाममा वित्तीय कारोवार गर्दै आएको छ । त्यस पश्चात नेपाल विकास बैंक लि.लाई एक्विजिसन गर्दै साविक ग्राण्ड बैंक लि. लाई मिति २०७२ माघ १५ गते यस संस्थामा गाभि हाल सम्ममा २१२ वटा शाखा विस्तार, ५६ काउन्टर कार्यलय र २०१ ए.टि.एम. संचालनमा ल्याई वित्तीय कारोवार गर्दै आएको छ । यस कम्पनीको रजिष्टर्ड (केन्दीय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ बबरमहलमा रहेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ । | श्री शंकर प्रसाद कालिकोटा<br>का.म.न.पा ३१ शान्तीनगर, काठमाण्डौं<br>रामेश्वर सापकोटा<br>काठमाडौं म.न.पा वडा नं १३, ताहाचल<br>श्री ऋषिराम गौतम<br>चितवन जिल्ला भरतपुर म.न.पा वडा नं १४, सुन्दरबस्ती<br>श्री अन्जु अधिकारी<br>काठमााडौ म.न.पा. वडा नं.०९, बत्तिस पुतली, काठमाडौं<br>श्री प्रमोद घिमिरे<br>काठमाडौं महानगरपालिका वडा नं ५, हाँडीगाँउ | |

**(३) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क.सं. | नाम | सञ्चालकहरु आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण |
|---|---|---|
| १ | चन्द्रकला न्यौपाने | महिला उपकार मंच, कोहलपुर नगरपालिका वार्ड नं. ११, बाँके । |
| २ | संगम पन्त | प्रभु बैक लिमिटेड, शाखा कार्यालय नेपालगंज, बाँके । |

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको।

**(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन।

| पूँजी कोष (CAR) | ११।०८% | ११.६५% | १२% |
| अनिवार्य मौज्दात (CRR) | १९।०९% | १३।३०% | ७।२०% |
| बैधानिक तरलता अनुपात(SLR) | १९।०९% | १३।३०% | ७।२०% |

**आधारहरु :**

**क) कार्यक्रम तर्फ**

- आगमी ३ वर्षमा लुम्बिनी प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा ४ वटा शाखा कार्यलय खोल्ने ।
- औषत प्रति समूहमा ५ सदस्य र प्रति केन्द्रमा कम्तिमा २ समूह रहने अनुमान गरिएको ।
- कूल समूहको ०.५ प्रतिशत निष्कृय सदस्य रहने ।
- प्रति वर्ष समूह सदस्य कम्तीमा १५ प्रतिशतले वृद्धि हुने ।
- समूहमा आवद्ध ५ प्रतिशत सदस्यहरुले धितो कर्जा लिने ।

- सामूहिक जमानीमा प्रथम वर्षको कर्जा रकम रु. ०.९९ लाख, दोस्रो वर्ष रु. १.५० लाख र त्यस पछि रु. १.७५ लाख हुने।
- धितो कर्जाको औषत लगानी प्रथम वर्ष रु. ४ लाख, दोश्रो पटक रु. ५ लाख र सो पछि रु. ७ लाख हुने।
- असुली तर्फ गत वर्षको बाँकी कर्जाको ९८ प्रतिशत र यस वर्ष लगानीको ४० प्रतिशत असुली हुने।
- भाखा नाघेको कर्जा बिना धितोमा पहिलो वर्ष २.५ प्रतिशत र सो पश्चात १.५ प्रतिशत र धितोमा ०.५ प्रतिशत रहने।
- बाँकी कर्जाको ३० दिनको र भाखा नाघेको कर्जाको वर्ष भरीको ब्याज असुली बाँकी रहने।
- बचतहरु बार्षिक रुपमा कम्तीमा ४० प्रतिशतले वृद्धि हुने।

**ख) नाफा नोक्सान तर्फ**

- कर्जाको ब्याज खराब कर्जा बाहेकको रकममा चालु वर्षमा १५ प्रतिशतका दरले प्राप्त हुने। १ महिनाको ब्याज असुली बाँकी रहने।
- अन्य आम्दानी वार्षिक कर्जा लगानीको १.५ प्रतिशत हुने।
- अन्य संचालन खर्च वार्षिक शाखा र केन्द्रिय कार्यलयको हिसाब गरि राखिएको।
- कर्मचारी खर्च चालु वर्षमा सबै परिक्षणकालिन कर्मचारीहरु स्थायी हुने र सो पश्चात वार्षिक वृद्धि गर्दा उपदान, ग्रेड र तालिम खर्चलाई समावेश गरेको।
- कर्जा बिमा गरिने हुँदा कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम न्यूनतम २५ प्रतिशत मात्र गरिएको।
- ऋण सापटमा चालु वर्षमा ८ प्रतिशत र बचतमा ७ प्रतिशत गणना गरेको।

**ग) वासलात तर्फ**

- चुक्ता पुँजी सम्बन्धमा आगामी ३ वर्षसम्म (IPO बाहेक) थप/घट गर्ने योजना नरहेको।
- साधारण जगेडामा २० प्रतिशत र अन्य कोषहरुमा १/१ प्रतिशत राखिएको।
- कर्जा र बचतको फरक रकम ऋण सापट लिई कारोबार गरिने।
- कर्जाको ०.१३ प्रतिशत स्थिर सम्पत्ती रहने अनुमान रहेको छ।
- अनिवार्य मौज्दात (ऋच्च) र वैधानिक तरलता अनुपात (बीच) प्रस्तावित वित्तीय विवरणमा देखिएको प्रत्येक वर्षको अन्तिम मौज्दातको आधारमा निर्धारण गरिएको छ।

**ख. वित्तीय अनुपात सम्बन्धी विवरण:**

**अ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी(EPS)तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।**

लघुवित्त वित्तीय संस्थाको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/८० | ०८०/८१ |
| चुक्ता पूँजी | ४२,०००.०० | ४२,०००।०० | ४२,०००।०० | ६५,६२५।०० | ६५,६२५।०० | ६५,६२५।०० |
| प्रस्तावित बोनश शेयर | - | - | - | - | - | - |
| जगेडा तथा कोषहरु | ६७,८०३.७१ | ६९,५६९।०२ | १२७,६४४।६४ | १९८,५९५।०० | ३१२,८८६।०० | ४८३,६९५।०० |
| **जम्मा** | **१०९,८०३।७१** | **१११,५६९।०२** | **१६९६४४।६४** | **२६४,२२०।००** | **३७८५११।००** | **५४९,३२०।००** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवोर्थ** | **१०९,८०३।७१** | **१११,५६९।०२** | **१६९६४४।६४** | **२६४,२२०।००** | **३७८,५११।००** | **५४९,३२०।००** |
| **शेयर संख्या (हजारमा)** | ४२०।०० | ४२०।०० | ४२०।०० | ६५६।०० | ६५६।०० | ६५६।०० |
| **प्रति शेयर आम्दानी (रु.)** | ३४।० | ५।९१ | १४० | १०८ | १७४ | २६० |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | २६१।४३ | २६५।६४ | ४०३।९१ | ४०३।०० | ५७७।०० | ८३७।०० |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १००।०० | १००।०० | १००।०० | १०० | १०० | १०० |
| **नेटवोर्थमा औसत प्रतिफल(%)** | १३।०० | २।२२ | ३४।६६ | २६।८५ | ३०।१९ | ३१।०९ |
| **निष्काशन पूर्वको प्रति शेयर आम्दानी (प्रतिशत) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल** | ४७५६ | | | | | |

**आ) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : १६६२**

## ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### क. धितोपत्र जारी गर्नुको उद्देश्य :

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम लघुवित्त वित्तीय संस्थाको प्रवन्ध-पत्रमा जारी पूँजीको ३६% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. २,३६,२५,०००/ शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी र सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु .६,५६,२५,०००/- पुऱ्याउन।

२) लघुवित्त वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।

३) वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

### ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

**(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने तरिका र क्षेत्र सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

- भौतिक पूर्वाधार तथा शाखा विस्तार- रु. १,१२,९०,०००/-
- पशुपालन तथा कृषीकर्जा - रु. ५०,००,०००/-
- खुद्रा व्यापार र सेवा कर्जा - रु. ५०,००,०००/-
- साना तथा घरेलु उद्योग कर्जा - रु. २३,३५,०००/-

उपकार लघुवित्त वित्तीय संस्था लि. को भौतिक पूर्वाधार तथा शाखा विस्तारको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | प्रदेश | जिल्ला | थप हुने शाखा संख्या | अनुमानित भौतीक सम्पत्ति (रकम) रु. | अनुमानित अभौतीक सम्पत्ति (रकम) | अन्य शाखा व्यवस्थापन खर्चहरु | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कर्मचारी खर्च | घरभाडा खर्च | इन्टरनेट/ संचार खर्च | जम्मा खर्च |
| १ | लुम्बीनी | दाङ | २ | ४,६०,००० | १,००,००० | १४,१६,००० | १,९२,००० | ९०,००० | २२,५८,००० |
| २ | लुम्बीनी | प्यूठान | १ | २,३०,००० | ५०,००० | ७,६४,००० | ९६,००० | ४५,००० | ११,२९,००० |
| ३ | लुम्बीनी | अर्घाखाँची | १ | २,३०,००० | ५०,००० | ७,६४,००० | ९६,००० | ४५,००० | ११,२९,००० |
| ४ | लुम्बीनी | रुपन्देहि | २ | ४,६०,००० | १,००,००० | १४,१६,००० | १,९२,००० | ९०,००० | २२,५८,००० |
| ५ | लुम्बीनी | कपिलबस्तु | २ | ४,६०,००० | १,००,००० | १४,१६,००० | १,९२,००० | ९०,००० | २२,५८,००० |
| ६ | लुम्बीनी | रोल्पा | १ | २,३०,००० | ५०,००० | ७,६४,००० | ९६००० | ४५,००० | ११,२९,००० |
| ७ | लुम्बीनी | गुल्मी | १ | २,३०,००० | ५०,००० | ७,६४,००० | ९६,००० | ४५,००० | ११,२९,००० |
| **जम्मा** | **१** | **७** | **१०** | **२३,००,०००** | **५,००,०००** | **७६,४०,०००** | **९,६०,०००** | **४,५०,०००** | **१,१२,९०,०००** |

**(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**

विगतमा अन्य बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा निष्काशित शेयरहरु पूर्ण रुपमा आवेदन प्राप्त हुने देखिएकोले यस लघुवित्तवित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने लघुवित्त वित्तीय संस्थाको धारणा रहेको छ। कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्णरुपमा बिक्री नभएमा, श्री प्रभु क्यापिटल लिमिटेडले निष्काशन रकमको शत प्रतिशत शेयर आफैंले खरीद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ।

**(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** सो नभएको।

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** सो नभएको।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बुँदाहरु :** सो नभएको।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको।

**(ओ)आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको।

**(औ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

**(१) निष्काशन तथा बिक्री प्रवन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.१००,०००/- (अक्षरुपी एक लाख रुपैंया मात्र) भुक्तानी दिइनेछ ।

**(२) ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा) :**

सो नभएको।

**(३) प्रत्याभूतिकर्ता :**

प्रत्याभूतीकर्ता श्री प्रभु क्यापिटल लिमिटेडलाई प्रत्याभुति सेवा प्रदान गरे वापत रु. ५०,००० (अक्षेरपी पचास हजार मात्र) आवश्यक कर कट्टी गरी कमिशनको रुपमा दिइने छ।

**(४) विज्ञहरु :**

वित्तीय प्रक्षेपण पुनरावलोकन गरि प्रमाणित गर्ने विज्ञलाई रु. ३०,०००/- (अक्षेरपी तिस हजार मात्र) प्रदान गरिएको छ।

**(५) लेखापरिक्षक :**

वित्तीय संस्थाको आ.ब.०७७/०७८ को लेखापरिक्षण सम्बन्धी कार्य यु बज्राचार्य एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट श्री उज्वल बज्राचार्यले गर्नु भएको हो । उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत भ्याट सहित रु १६९,५००/– (अक्षरुपी एक लाख उन्सत्तरी हजार पाँच सय रुपैंया मात्र) प्रदान गरेको छ ।

**(६) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):**

आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु संकलन केन्द्रको रुपमा रहने छन्।

**ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :**

सो नभएको।

**घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**

प्रिमियम थप नगरिएको।

**ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्याधिक वा न्युन माग भइ प्राप्त भएका आवेदनहरुलाइ धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ३० मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धि सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिने छ। यदि निष्काशन गरिएको शेयरको सख्या भन्दा कम शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम धितोापत्र बाँडफाँट गरि बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ।

**(२) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

शेयर विक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद ( सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धि सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ।

**(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र खरिद ( सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ पूर्णरुपमा लागु भइसकेको सन्दर्भमा यो व्यवस्था लागु नहुने।

**(४) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा

जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भएपश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ।

**(५) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**

हाल सम्म सूचीकरण भई नसकेको।

**(६) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ।

**च. प्रत्याभूति सम्बन्धी विवरण:**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको २,३६,२५० कित्ता साधारण शेयरको लागि रु २,३६,२५,०००/- रकम अर्थात् शत प्रतिशत रकम श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी काठमाण्डौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

अ) प्रत्याभूतिकर्ताले २,३६,२५० कित्ताले हुन आउने रकम रु. २,३६,२५,०००/- बराबरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ।

आ) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत लघुवित्त वित्तीय संस्थाले रु. ५००००/- लाग्ने कर कट्टी गरि कमिशनको रुपमा दिइने छ।

इ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताहरुको दायित्व प्रत्याभूतित कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ।

ई) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ।

उ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वत: खारेज हुनेछ।

ऊ) यस सम्झौताको ब्याख्यामा वा कार्यान्वयनमा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा सबै पक्षको सहकार्यमा विवाद निरोपण गरिनेछ। सो बाट विवाद निरोपण नभएमा सबै पक्षले एक एक जना मध्यस्थकर्ता नियुक्त गर्नेछन। यसरी नियुक्त मध्यस्थकर्ताको सहमतीमा मुख्य मध्यस्थकर्ता को नियुक्ति गरीने छ र मध्यस्थकर्ताद्धारा गरिएको निर्णय सबैपक्षलाई मान्य हुनेछ।

**छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण लघुवित्त वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा लघुवित्त वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. वित्तीय संस्थाको प्रवन्ध–पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाँके जिल्ला कोहलपुर नगरपालिका - ११, पिपलचौतारामा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ। यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम १,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००।– (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरि आवेदन दिन सक्नेछ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्म बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनुपर्नेछ।

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थ मार्फत मात्र आवेदन दिनुपर्नेछ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि)।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशन को केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनुपर्नेछ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)

च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ।

१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ।

१५. शेयर बाँडफाँट गरि सूचीकरण पश्चात बाँडफाँटमा परका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

१६. रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।

**ग. ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

वित्तीय संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

**क. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :**
सो नभएको।

**ख. आधारभूत शेयरधनी :**
सो नभएको।

**ग. खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :**
सो नभएको।

**घ. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :**
सो नभएको।

**ङ. संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :**
नभएको।

**च. कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरण :**
सो नभएको।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** सो नभएको।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

**क. संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** सो नभएको।

**ख. बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :** सो नभएको।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**क. लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

**(अ) लेखापरीक्षक** :

आ.व. २०७७/०७८ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री यु बज्राचार्य एण्ड एसोसिएटस्का चार्टर्ड एकाउटेण्ट श्री उज्वल बज्राचार्यले गर्नुभएको छ ।

**(आ) निष्काशन बैंक (Bankers to the Issue):**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नेपाल एसबिआई बैंक लिमिटेड, काठमाडौंलाई तोकिएको छ।

**(इ) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**

यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा वित्तीय संस्था आफै रहेको छ।

**(ई) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ :**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा यू बज्राचार्य एण्ड एसोसिएटस्का चार्टर्ड एकाउटेण्ट श्री उज्जवल बज्राचार्य ज्यू रहनु भएको छ।

**ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु:**

**(अ) लेखापरीक्षक :**

सो नभएको।

**(आ) निष्काशन बैंक (Bankers to the Issue):**

आस्वा प्रणाली लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात बाँडफाँडमा परेको धितोपत्र वापतको रकम सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरुले निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिनभित्र उक्त रकम निष्काशन प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ। साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्यदिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

सो नभएको।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क. **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको।

ख. **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको।

ग. **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :** सो नभएको।

घ. **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण :** सो नभएको।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा तहाँ सम्पर्क गर्न सकिनेछ। कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी श्री केदार पुडाशैनी लाई निजकै कार्यालयमा वा निजलाइ कार्यालय समयभित्र ०१ ४४१२७४३ (एक्स. ११९) मा सम्पर्क गर्न सकिनेछ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

हालसम्म वित्तीय संस्थाले ऋणपत्र निष्काशन गरेको छैन र यो साधारण शेयरनिष्काशन सर्वसाधारणका लागि मात्र हो।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :**

अग्राधिकार शेयर जारी गरिएको छैन।

**ग.२२. अन्य सामान्य जानकारी :**

**क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको लघुवित्त बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरि विवरण ठीक छ भनी यू बजाचार्य एण्ड एसोसिएट्सका चार्टड एकाउटेण्ट श्री सि.ए. उज्जवल बज्राचार्यले प्रमाणित गर्नुभएको छ।

**ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

मिति २०७७/१२/२७ मा यस संस्थाको संचालक श्री गायत्री गिरीले संचालक समितिबाट राजिनामा दिनुभएकोले आ.व. ०७७/७८ देखि श्री आरती पौड्याल नियुक्त हुनुभएको।

**ग. कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : शारदा कुमारी खत्री

ठेगाना : कोहलपुर ११, बाँके

योग्यता : एम.ए

**घ. सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

वित्तीय संस्थाको जारी पूँजी रु. ६,५६,२५० कित्ता मध्ये सर्वसाधारणको लागि छुट्याइएको ३६ प्रतिशतले हुन आउने २,३६,२५० कित्ता शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७७ फागुन २१ गते बसेको दोस्रो साधारण सभाले सर्वसाधारणमा प्रारम्भिक शेयर निष्काशन गर्ने निर्णय गर्‍यो। यस संस्थाको मिति २०७७/०५/०८ गते बसेको सञ्चालक समितिको २४ औं बैठकको निर्णय अनुसार प्रमुख कार्यकारी अधिकृतलाई अख्तियार प्रदान गर्ने निर्णय भयो।

**ङ.संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको।

**च. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।

(क) वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कोहलपुर नगरपालिका वडा नं. ११, पिपलचौतारा, बाँके

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक-नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौं।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु.१००/– अङ्कित मूल्य (Par Value) का कुल २,३६,२५० कित्ता साधारण शेयर संख्यामध्ये ३२८१ कित्ता साधारण शेयरहरु लघुवित्त वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र साथै ११,८१३ कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषको लागि छुट्याइको छ। कर्मचारीहरुको लागि यसरी छुट्याइको शेयर कर्मचारीहरुबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपुर्ण तवरबाट बाँडफाँड गर्ने छ र कर्मचारीबाट सम्पुर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ।

**(झ) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ। साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७६/७७ सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थक वर्ष सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अधावधिक रहेको छ र सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/२० को पत्रबाट प्राप्त भएको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ।

**(ट) विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक : नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौं रहेको छ।

**(ठ) सकारात्मक पक्षहरु :**

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरु द्वारा संचालित।
- ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै लघुवित्त वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको।
- आर्थिक, राजनीतिक र प्रतिष्पर्धी बैंकिङ्ग व्यवसाय सुहांउदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको।
- हालको कार्यक्षेत्र तथा जनसमुदायमा वित्तीय संस्थाको राम्रो छवी निर्माण भएको।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि १५ दिनको हुनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन।

**(ण) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार सर्वसाधारणमा निष्काशन गरिने प्रारम्भिक साधारण शेयरको लागि क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार काठमाडौंले मिति २०७८/०३/०९ मा यस उपकार लघुवित्त वित्तीय संस्थालाई [ICRANP -IR] BB- pronounced as ICRANP Issuer Rating Double B Minus रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व वहन गर्ने सम्बन्धमा मध्यम क्रेडिट जोखिम (moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ। यसको अर्थ ICRANP-IR] BB- को स्थिति ICRANP-IR] BB को भन्दा एक चिन्ह तल रहन्छ। उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/०३/०७ सम्म रहनेछ।

**ग.२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने वित्तीय संस्थाको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | शन्ती देबी ढकाल | अध्यक्ष | |
| २. | चन्द्रकला न्यौपाने | सञ्चालक | |
| ३. | नितु शर्मा | सञ्चालक | |
| ४. | संगम पन्त | सञ्चालक | |
| ५. | आरती पौडेल | सञ्चालक | |
| ६ | रामचरन बि.सी. | स्वतन्त्र सञ्चालक | |

**ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**


Regd. No: 148059/72/073
SEBON license No. 37

नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि.

NEPAL SBI MERCHANT BANKING LTD.

NSMBL

(A wholly owned Subsidiary of Nepal SBI Bank Ltd.)

CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL


मिति : २०७८/०४/०७

प.सं.: एनएसएमबिएल/सिओ/२०७८-७९/३६

श्री नेपाल धितोपत्र बोड,
खुमलटार, ललितपुर।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे।**

महाशय,

उपरोक्त सम्बन्धमा कोहलपुर नगरपालिका वडा नं.- ११, बाँकेमा रजिष्टर्ड कार्यालय रहेको उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु. १००/- अङ्कित दरका २,३६,२५० कित्ता साधारण शेयरहरुको निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं। सर्वसाधारणलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडले विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।

४. उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट

देवराज अधिकारी
प्रबन्ध सञ्चालक/प्रमुख कार्यकारी अधिकृत

सही
कार्यालयको छाप

NEPAL SBI MERCHANT BANKING LIMITED ★ Kathmandu ★ NSMBL

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**U. Bajracharya & Associates**
Chartered Accountants

To,
The Board of Directors
Upakar Laghubitta Bittiya Sanstha Ltd.

We have examined the projected financial statement of Upakar Laghubitta Bittiya Sanstha Ltd. for the financial year 2078/79 to 2080/81 prepared by management of Upakar Laghubitta Bittiya Sanstha Ltd. for the purpose of issuance of "Initial Public Offerings" in accordance with the Nepal Standard on Assurance Engagements 3400 "The Examination of Prospective Financial Information" issued by Institute of Chartered Accountants of Nepal.

Management is responsible for the preparation and fair presentation of these financial projections including the assumptions on which it is based. Our responsibility is to examine the evidence supporting the assumption (excluding hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

The financial projections has been prepared for issuance of "Initial Public Offerings" using set of assumptions that includes hypothetical assumptions about future events and managements actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We have carried out our examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions to the prospective financial information and on consistent basis with the historical financial information and accounting principle.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

CA. Ujwal Bajracharya
U. Bajracharya & Associates
Chartered Accountants

Date: 28 November, 2021
Place: Kathmandu, Nepal
UDIN Number: 211128CA00564rBfBJ